# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौँ, माघ ९ गते, २०६८ साल (संख्या ३९


## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको सूचना १

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयबाट प्रकाशित खण्ड ५८, अतिरिक्ताङ्क ३२, मिति २०६५।७।१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको दफा ४ को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "रु. १००।- (एक सय) मूल्यसम्मका" भन्ने शब्दहरुको सट्टा "रु. १,०००।- (एक हजार) मूल्यसम्मका" भन्ने शब्दहरु राखी सीमानामा ओहोर दोहोर गर्ने व्यक्तिले निजी प्रयोगका लागि साथै ल्याए वा लगेका मालसामानमध्ये भन्सार प्रमुखले औचित्य हेरी महसूल नलिई छाड्न सक्ने मालसामानको मूल्यको हदमा हेरफेर गरेको छ।

## सूचना २

नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०६८।७।२२ मा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) शून्यदरको सुविधा पाउनु पर्ने नाफा नकमाउने उद्देश्य भएका समुदायमा आधारित उपभोक्ता समिति/समूहबाट निर्माण तथा सञ्चालन भएका र हालसम्म सो सुविधा नपाएका/नलिएका साना जलविद्युत आयोजनाहरु (ठेक्का सम्झौताबाट कार्य सम्पादन गराएका आयोजनाहरु समेत) लाई ती आयोजनाले भुक्तानी गरेको मूल्य अभिवृद्धि कर बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा (सवारी साधनमा तिरेको बाहेक) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची - १ को द्रष्टव्य (३) बमोजिम आन्तरिक राजस्व विभाग मार्फत फिर्ता दिने,

(ख) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले आगामी दिनमा शून्यदरको सुविधा सिफारिस गर्दा सो सुविधा उपलब्ध हुने एकिन गरेर मात्र सिफारिस गर्ने ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रहरी, लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई, नयाँ वानेश्वरका लागि जर्मन राजदूतावास, काठमाडौंबाट उपहार स्वरुप प्रदान गरिने लागु औषध सम्बन्धी अपराध अनुसन्धानमा प्रयोग हुने Operation Van थान एक आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Leprosy Mission Nepal द्वारा सञ्चालित आनन्दवन

अस्पताल, ललितपुरका लागि The Leprosy Mission International, U.K. बाट उपहार स्वरुप प्रदान गरिने भा.रु. २,१७,५००.०० (दुई लाख सत्र हजार पाँच सय), अमेरिकी डलर १३,४९२.०० (तेह्र हजार चारसय बयान्नब्बे) र यूरो ६,१५६.०० (छ हजार एकसय छपन्न) मूल्य बराबरको Polycarbonate Mice Cage समेतका स्वास्थ्य सामग्री तथा उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ३५,६७०।- (पैतीस हजार छ सय सत्तरी) र जापानी येन ५,७२,०००।-०० (पाँचलाख बहत्तर हजार) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने FH Blister table for vials समेतका स्वास्थ्य सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६८ दफा १८ ले दिएको अधिकार प्रयोग गरी परोपकार प्राथमिक उपचार केन्द्र, काभ्रेपलाञ्चोकका लागि Global Resource Services, Atlanta, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ११,४६२.५९ (एघार हजार चार सय बैसट्ठी सेन्ट उनान्साठी) मूल्य बराबरको Essential Medicines आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित विराटनगर आँखा अस्पताल र गेटा आँखा अस्पताल, धनगढीका लागि Christoffel Blinden Mission, Germany बाट उपहार स्वरुप प्रदान गरिने यूरो ६३,९९६.८९ (त्रिसट्ठी हजार नौ सय छयानव्वे सेन्ट उनान्नव्वे) र Infil Foundation, Norway बाट उपहार स्वरुप प्रदान गरिने यूरो १०,०००.०० (दश हजार) मूल्य बराबरको आँखा उपचारमा प्रयोग गरिने 8/0virgin silk blue समेतका स्वास्थ्य सामग्री तथा उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को १८ ले दिएको अधिकार प्रयोग गरी Korea Nepal Friendship Hospital, भक्तपुरका लागि Rose Club Korea बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ३०,४३५.०० (तीस हजार चार सय पैंतीस) मूल्य बराबरको EEG Syatem थान एक आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोषका लागि Pilgrimage for World Peace, Korea बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५,८१५.०० (पाँच हजार आठ सय पन्ध्र) मूल्य बराबरको Marble Statue (Buddha) थान एक तथा Stone Photo आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी फ्रा विपस्सी धम्मारामो मुनि विहार, इनाचो, भक्तपुरका लागि Mr. Itsarasak Teerasak, Thailand बाट उपहार स्वरुप प्रदान गरिने थाई भाट ३०,०००.०० (तीस हजार) मूल्य बराबरको पित्तलको बुद्धको मूर्ति थान एक आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Himalayan Bio-Dynamic Development Trust, Kathmandu ले सञ्चालन गरेको "Promotion of high value crops and underutilized species to improve the livelihood of underprivileged Cheppang communities of Siddhi and Saktikhor VDC of Chitwan District, Nepal" कार्यक्रमका लागि Stiftung Manager Ohenegrenzen, Germany बाट खरिद गरिने यूरो ३५०.०० (तीन सय पचास) मूल्य बराबरको Dehumidifier Aktobis WH 1200 को दुई थान मेसिन आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**(कृष्णहरि वास्कोटा)**
**सचिव**

# भाग ५

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

## राष्ट्रिय कृषि गणना २०६८ को आदेश, २०६८

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "राष्ट्रिय कृषि गणना २०६८ को आदेश, २०६८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्छ ।

३. **राष्ट्रिय कृषि गणना २०६८ को लागि तथ्याङ्क संकलन गर्न सक्ने :** विभागले तोकेको कुनै खास अवधिभित्र नेपालको कृषि र कृषकहरू सम्बन्धी लगत, जग्गाको क्षेत्रफल, जग्गाको उपभोग र उपयोग, बालीको विवरण, पशुपक्षीहरूको संख्या, किसिम, उमेर, कृषि सामग्री, कृषि ऋण तथा औजार र अन्य सामुदायिक विवरण समेत प्राप्त गर्नका लागि २०६८ सालमा गरिने कृषि गणनाको सन्दर्भमा अनुसूची–१, अनुसूची–२ र अनुसूची-३ बमोजिमका कुराहरू सोधी कृषि गणनाको कार्य गर्न वा गराउन सक्नेछ ।

४. **अधिकृत तथा कर्मचारीको नियुक्ति र मनोनयनः** विभागले दफा ३ बमोजिमको विवरण अनुसार कृषि गणना गर्ने कामको लागि आवश्यक अधिकृत तथा कर्मचारीहरू नियुक्ति वा मनोनयन गर्न सक्नेछ ।

५. **अधिकृत तथा कर्मचारीको काम, कर्तव्य र अधिकार :** (१) कृषि गणनाको काम गर्ने कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा गई तोकिएको अवधिभित्र सम्बन्धित कृषक वा मुख्य जिम्मेवार व्यक्तिसँग सोधपुछ गरी अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा उल्लिखित कुराहरूसँग सम्बन्धित विषयको विवरणको सही जानकारी प्राप्त गरी

विभागले तोकेको ढाँचा बमोजिमको फाराममा विवरण भर्नु भराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण वा फारामहरूलाई कृषि गणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिदिएको अधिकृत वा कार्यालयमा बुझाउनु पर्छ ।

(३) उपदफा (२) बमोजिमको काममा लागेको अवधिको निमित्त कृषि गणनाको काम गर्ने अधिकृत वा कर्मचारीले नेपाल सरकारले तोकिदिए बमोजिम निश्चित रकम पारिश्रमिक वापत पाउनेछ ।

६. **कृषि गणना गर्ने काममा सहयोग गर्नु पर्ने** : कृषि गणना गर्ने कामसँग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीलाई सहयोग गर्नु नेपाल सरकारका सबै कार्यालय, सरकारी वा गैर सरकारी संघसंस्थाहरू, सम्बन्धित गाउँ विकास समिति, नगरपालिका तथा सबै नागरिकहरूको कर्तव्य हुनेछ ।

७. **संकलित तथ्याङ्कको उपयोग** : संकलित तथ्याङ्कहरूलाई विभागले सम्पादन गरी त्यसको आधारमा कृषि गणनाको प्रतिवेदन प्रकाशन गर्नेछ ।

तर प्रतिवेदन प्रकाशित नहुँदै विभागले आवश्यक ठानेमा संकलित तथ्याङ्कबाट तयार गरिएको समष्टि वा आंशिकरूपमा पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलब्ध गराउन सक्नेछ ।

## अनुसूची-१
**(दफा ३ र ५ संग सम्वन्धित)**

**कृषक परिवार लगत (लगत १)**

१. जिल्ला ................. गा.वि.स. ........... वडा नं. ..........
गणना क्षेत्र नियन्त्रण संख्या ............
२. घर क्रम संख्या ......
३. कृषि चलन क्रम संख्या ...............
४. मुख्य कृषकको नाम, थर ............
५. चलन गरेको जग्गाको क्षेत्रफल ..............
६. पाल्तु चौपाया संख्या ...............
७. पाल्तु चराचुरुङ्गी संख्या...............

**अनुसूची-२**
**(दफा ३ र ५ संग सम्वन्धित)**

**कृषक परिवार प्रश्नावली (लगत २)**

गणना विवरण
०.१ जिल्ला ...........
०.२ गा.वि.स./नगरपालिका .....................
०.३ वडा नम्बर .........
०.४गणना क्षेत्र ..................
०.५ गणना क्षेत्र नियन्त्रण संख्या ...............
०.६ मुख्य कृषकको नाम ...................

**भाग १ परिचयात्मक विवरण**

१.१ परिवार मूलीको ?............
१.२ मुख्य कृषकको जात/जाति ..........
१.३ मुख्य कृषकको ठेगाना (गाउँ/बस्ती/टोल) ..................
१.४ आफैं मुख्य कृषक हो होइन ...........
१.५ जवाफ दिने व्यक्तिको नाम र लिंग ..............
१.६ जवाफ दिने व्यक्ति मुख्य कृषकको के नाता ....................

**भाग २ सामान्य विवरण**

२.१ कृषि चलनको स्थिति के हो ...........
२.२ कृषि चलनको प्रमुख उत्पादन के हो ...............
२.३ कृषि चलनबाट भएको उत्पादन मुख्यतः उपयोग कुन रूपमा हुन्छ ..................
२.४ कृषि चलनको अतिरिक्त परिवारले अन्य आर्थिक क्रियाकलाप गरेको छ छैन ....................
२.५ कृषि चलनको अतिरिक्त परिवारले गरेको अन्य आर्थिक क्रियाकलापको क्षेत्र के हो .................

**भाग ३ जनसंख्या सम्बन्धी विवरण**

३.१ परिवारमा मुख्य कृषकसहित जम्मा संख्या ...........
३.२ परिवारमा भएका प्रत्येक सदस्यको विवरण (लिंग, उमेर, मुख्य कृषकसँगको नाता, शैक्षिक स्थिति, मुख्य पेशा) ..........
३.३ विगत एक वर्षमा कृषि चलनमा स्थायी कामदारहरु लगाइएको थियो थिएन ....................

३.४ स्थायी कामदारको संख्या ........
३.५ विगत एक वर्षमा अस्थायी कामदार लगाइएको थियो थिएन ......
३.६ अस्थायी कामदारको संख्या (व्यक्ति दिन) ........
३.७ पर्ममा काम लगाइएको थियो थिएन .............
३.८ पर्ममा काम गरेका कामदार संख्या (व्यक्ति, दिन)........

**भाग ४ जग्गा र जल सम्बन्धी विवरण**

४.१ आफ्नो परिवारको हकका जग्गा अरुलाई चलन गर्न दिएको विवरण .........
४.२ अरुलाई चलन गर्न दिएको जग्गाको क्षेत्रफल .......
४.३ परिवारले चलन गरेको जम्मा कित्ता संख्या .......
४.४ परिवारले चलन गरेको जग्गामा पुगेको क्षति सम्बन्धी विवरण ............
४.५ क्षतिको प्रकार र क्षति भएको जग्गाको क्षेत्रफल ..............
४.६ कित्ता तथा खेत-पाखो अनुसार कृषकले चलन गरेको जग्गा र सिँचाइको विवरण ........
४.७ चलन गरेको जग्गाको कित्ता अनुसार भू-उपभोग ..................
४.८ चलन गरेको जग्गाको कित्ता अनुसारको भू-उपयोग .....................

**भाग ५ अस्थायी तथा स्थायी बालीहरू**

५.१ कित्ता अनुसार अस्थायी बालीको क्षेत्रफल र उत्पादन ....................
५.२ कित्ता अनुसार स्थायी बालीको क्षेत्रफल र उत्पादन .....................
५.३ कित्ता अनुसार विभिन्न किसिमका बाली लगाएको जग्गाको विवरण ........................
५.४ बाली अनुसार कृषि सामग्री (बीउबिजन, विषादि, सिँचाइ तथा मल) को प्रयोग ..................

**भाग ६ पाल्तु चौपाया र चराचुरुङ्गी संख्या**

६.१ कृषि चलनमा पाल्तु चौपाया सम्बन्धी विवरण ............
६.२ पाल्तु चौपायाको प्रकार, उमेर, लिंग सम्बन्धी संख्यात्मक विवरण ................
६.३ कृषि चलनका पाल्तु चराचुरुङ्गी सम्बन्धी विवरण ...................

६.४ पाल्तु चराचुरुङ्गीको प्रकार र नश्ल अनुसारको संख्या...............

**भाग ७ कृषि औजार तथा कृषिका साधनहरू**

७.१ कृषि औजार तथा कृषि साधनको प्रयोग ...............

७.२ स्रोत अनुसार कृषि औजार तथा साधनको संख्या ..........

**भाग ८ गैर आवासीय भवन**

८.१ कृषि कार्यको लागि गैर आवासीय भवन प्रयोग सम्बन्धी विवरण .......

८.२ प्रयोग र स्वामित्व अनुसार गैर आवासीय भवनको संख्या ........

**भाग ९ वनबनेलो तथा सहायक कृषि क्रियाकलाप**

९.१ कृषि चलनभित्र रहेका फलफूल तथा घाँसबाहेक अन्य रुखहरू सम्बन्धी विवरण .......

९.२ फलफूल तथा घाँसबाहेक अन्य रुखहरूको संख्या ...........

९.३ गत वर्षको सहायक कृषि क्रियाकलाप सम्बन्धी स्थिति ........

९.४ माछा पालिएको स्थान ........

**भाग १० कृषि ऋण**

१०.१ परिवारले कृषि कार्यको लागि ऋण लिएको वा नलिएको .........

१०.२ कृषि ऋणको स्रोत ................

१०.३ कृषि कार्यको लागि थप ऋण आवश्यकता पर्ने वा नपर्ने ............

१०.४ कुन उद्देश्य/प्रयोजनका लागि थप कृषि ऋण आवश्यक पर्ने ..........

**भाग ११ विविध**

११.१ परिवारको आम्दानीको मुख्य स्रोत ..............

११.२ आफ्नै कृषि उत्पादनको आम्दानीले मात्र गत वर्ष परिवारलाई खान पुगे वा नपुगेको ...........

११.३ खान नपुगेका महिनाहरूको नाम ..................

११.४ नपुग महिनाको लागि खाद्यान्न प्राप्त गरिएको स्रोत ...........

११.५ घरदेखि कृषिउपज किनबेच स्थलसम्म जानको लागि प्रयोग गरिने यातायातको साधन र जाँदा लाग्ने समय .......

११.६ कृषि क्रियाकलाप सम्बन्धी समस्याको विवरण ...............

**अनुसूची-३**
**(दफा ३ र ५ संग सम्वन्धित)**

**सामुदायिक प्रश्नावली (लगत ३)**

**भाग -१**

१.१ वडामा प्रकार अनुसार भू-उपयोगको अनुमानित क्षेत्रफल ................

१.२ यातायातको किसिम अनुसार वडाका बासिन्दालाई नजिकको मुख्य बजारसम्म पुग्न लाग्ने समय ...............

१.३ नजिकको मुख्य बजारसम्म बाह्रै महिना मोटर चल्ने बाटो भए नभएको......

१.४ वडामा विगत १० वर्षको दैवीप्रकोप सम्बन्धी विवरण ...........

१.५ बाढी, पहिरो, खडेरीले खाद्यान्न अभाव भए नभएको .................

**भाग -२**

२.१ वडाको अनुमानित घरधुरी संख्या ................

२.२ वडामा बसोबास गर्ने जातजातिको नाम र परिवार संख्या ...............

२.३ वडामा बसोबास गर्ने परिवारहरूको प्रमुख पेशा ...........

**भाग -३**

३.१ वडामा भएका संरचना र सुविधा (कृषि सामग्री बिक्रेता, हाटबजार, बैंक, वित्तीय संस्था, प्राथमिक विद्यालय, स्वास्थ्य सेवा सुविधा) सम्बन्धी विवरण र त्यहाँसम्म पुग्न लाग्ने एकतर्फी समय ...........

३.२ वडामा सिँचाइ, कृषि उपज संकलन केन्द्र, कृषि उपज प्रशोधन केन्द्र, कृषि औजार मर्मत सुविधा, कृषक समूह/सहकारी संस्था, कृषि प्रसार सेवा, बिजुली बत्ती, सञ्चारका साधन, सार्वजनिक यातायातको सुविधा भए नभएको ..........

**आज्ञाले,**
**युवराज भुसाल**
**नेपाल सरकारको सचिव**